परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

❑ वर्ष ११ ❑ अंक ३६ २०८० बैशाख ३ गते आईतवार Sunday 16, APR 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## 'पाईका एन्यूरीज्म क्लिपिङको' सफल साल्यक्रिया

विराटनगर । कोशी प्रदेशको राजधानी विराटनगर महानगर पालिका वडा नं. ३ कञ्चनबारी स्थित आर्या न्यूरो हस्पिटलमा पहिलो पटक 'पाईका एन्युरीज्म क्लिपिङ' को सफल शल्यक्रिया भएको छ ।

झापाको हल्दीबारी गाउँपालिका-१ गोलधापस्थित ३३ वर्षीया मन्जु कटुवालको मस्तिष्कको पछाडी भागमा रहेको पाईका एन्युरीज्म क्लिपिङको सफल शल्यक्रिया भएको अस्पतालका डाइरेक्टर दिनेश ठाकुरलले जानकारी दिए ।



विरामी : मन्जु कटुवाल  डा. पंकजराज नेपाल वरिष्ठ न्यूरो सर्जन

तीन हप्ता अगाडी टाउँको दुखाइ भएर पिडा भएपछि कटुवाल झापाको मेची र पाथीभारा हस्पिटल गइन् । उक्त हस्पिटलमा उपचार सम्भव नभएपछि विराटनगर जान त्यहाँका चिकित्सकले सुझाव दिए । त्यसपछि उनी आर्या न्यूरो हस्पिटलमा ८ चैतमा आइन् । आर्यामा आएपछि हस्पिटलका वरिष्ठ न्यूरो सर्जन तथा प्रवन्ध निर्देशक डा. पंकजराज नेपालले विरामीको स्वास्थ्य जाँच गरे । 'एमआरआइ गरेपछि कटुवालको 'पाईका एन्युरीज्म' भएको पत्ता लाग्यो । त्यसपछि चिकित्सकले शल्यक्रिया गरिनुपर्ने सल्लाह दिएका थिए ।

उक्त साल्यक्रिया चैत १२ गते डा. नेपालको नेतृत्वको टिमले कटुवालको मतिष्तक भित्र भएको 'पाईका एन्युरीज्म क्लिपिङ' को सफल शल्यक्रिया गरेको थियो । 'टाउँकमा रगत जमेको थियो । त्यसलाई मेडिकल भाषमा पाईका एन्युरीज्म भन्ने गरिन्छ । रगतको नशामा फुकुन्डो हुन्छ । त्यो फुटो भने हेमोरेज हुन्छ । यो जटिल ठाउँमा हुने गरेकोले हामीले चार घण्टा लगाएर सफल शल्यक्रिया गरिम,' उपचारमा संलग्न डा. नेपालले भने, 'यसको उपचार समयमै गरेन भने विरामीलाई बचाउन गाह्रो हुन्छ । त्यसैले विरामीको समयमै उपचार गनुपर्ने हुन्छ ।'

मुटुमा आरएचडि रियूम्याटिक हर्ट डिजिटको कारणले मस्तिष्क भित्र हुने पाईका एन्युरीज्म क्लिपिङको आर्या न्यूरो हस्पिटलमा पहिलो पटक सफल शल्यक्रिया भएको हो । पाईका एन्युरीज्म क्लिपिङ' को अहिलेसम्म दोस्रो पटक शल्यक्रिया गरिएको डा. नेपालले वताए । 'यो सँगै मैले 'पाईका एन्युरीज्म क्लिपिङ' को दोस्रो पटक शल्यक्रिया गरे,' उनले भने, 'यसअघि बी एण्डसीमा गरेको थिए ।

२० दिन राखेर सफल उपचार भएपछि सोमबार विरामीको डिस्चार्ज भएको छ । दिदीको सफल उपचार भएपछि विरामीका बैनी मुना भण्डारी दहालले उपचारमा खिटने चिकित्सक र हस्पिटललाई धन्यवाद दिइन् । 'हस्पिटल ल्याउँदा

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेश सरकारद्धारा चार बुद्धे निर्णय सार्वजनिक

विराटनगर । कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को चैत २९ गते बसेको बैठकले चार बुद्धे निर्णयहरु पारित गरका छन् ।

पारित निर्णयहरुमा १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमवली २०७९ स्वीकृत गर्ने र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीयउत्तर दायित्व नियमवली २०७५ खारेज गर्ने । २. मनमोहन प्राविधिक विश्व विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि द्विपक्षीय समझदारी अनुसार तय हुनेगरि आर्थिक सहयोग उपलब्ध गराउन भारत सरकार समक्ष अनुरोध गर्ने निर्णय पारित भएको छ ।

त्यसैगरी निर्णय नं. ३ मा मनमोहन प्राविधिक विश्व विद्यालयका लागि द्विपक्षीय

वांकी अन्तिम पेजमा...

## नेपालमै सबभन्दा बढी कर तिरे वापत नोबेललाई सम्मान

विराटनगर । स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक संस्था मध्ये नेपालमा सबैभन्दा बढी आयकर तिरे बापत नेपाल उद्योग बाणिज्य महासंघले विराटनगरस्थित नोबेल शिक्षण अस्पताललाई सम्मान गरेको छ । उद्योग बाणिज्य दिवस र उद्योग बाणिज्य महासंघको ५७ औं बार्षिक साधारण सभाको अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा नोबेललाई सम्मान गरिएको हो ।

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल र महासंघका अध्यक्ष शेखर गोल्छाले नोबेल अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा.भोगेन्द्र उपाध्याय लाई सम्मान पत्र प्रदान गरी सम्मानित गरे । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले सञ्चालन गरेको नोबेल अस्पताल सबैभन्दा बढी आयकर तिरेर पटक-पटक सम्मानित हुँदै आएको छ ।

वांकी अन्तिम पेजमा...

"बिरामी मैत्री अस्पताल"
आर्या न्यूरो हस्पिट
कन्चनवारी विराटनगर-३
नव वर्ष
२०८०
को हार्दिक मंगलमय शुभकामना
डा. अर्चना चौधरी नेपाल (अध्यक्ष)
डा. पंकजराज नेपाल (प्रबंध निर्देशक)
दिनेश ठाकुर (निर्देशक)

डिभिजन वन कार्यालय, मोरङको
अत्यन्तै जरुरी सूचना
यस वर्षको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।
१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।
डिभिजन वन कार्यालय, मोरङ
सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com

All types of Fabrication, Furniture, Prefab, Truss are available.

क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.विराटनगर द.न. ०४/०७७/०७८

## मेरो गाउँ...

विषयवस्तुमा केन्द्रित रही वि विल राइज फाउण्डेसनले राष्ट्रव्यापी वृत्तचित्र प्रतियोगिता 'मेरो गाउँ, मेरो ठाउँ' को आयोजना गर्दै आएको छ ।

सन् २०१९ मा पहिलो पटक आयोजित प्रतियोगितामा देशभरबाट उत्साहजनक रूपमा १ सय ३२ वृत्तचित्र सहभागी थिए । सन् २०२० मा प्रतियोगिताका लागि भिडियो आह्वान भए पनि विश्वभर फैलिएको कोभिड-१९ महामारीका कारण कार्यक्रम स्थगित हुन पुग्यो ।

यसअघि सन् २०२० को भिडियो च्यालेञ्जमा सहभागी प्रतियोगीहरूले आफूले पठाइसकेको भिडियोमा परिवर्तन गर्न आवश्यक ठानेमा उक्त भिडियो सम्पादन गरी वा नयाँ भिडियो पठाउन सक्नेछन् ।

'मेरो गाउँ, मेरो ठाउँ २०२३' प्रतियोगितामा यसअघि सहभागी नभएका नयाँ प्रति योगीहरूले समेत सहभागिता जनाउन सक्ने फाउण्डेसनले जनाएको छ । वृत्तचित्र अधिकतम ५ मिनेटको हुनुपर्नेछ । प्राप्त भिडियोहरूमध्ये बाट निर्णायकले छनौट गरेका उत्कृष्ट दशलाई नगदसहित 'मेरो गाउँ, मेरो ठाउँ' अवार्ड प्रदान गरिनेछ । भिडियो पठाउने समयसिमा २१ वैशाख २०८० सम्म तोकिएको छ । विजेता प्रतियोगीहरूको घोषणा १३ जेठ २०८० का दिन काठमाडौँमा हुनेछ ।

## प्रहरीसँग...

गतिबिधीहरुमा समेत प्रहरीको पहुँच पुगेमा समाजमा हुने बिबिध किसिमका अपराधीक कार्यहरुलाई समयमै निरुत्साहन गर्न सकिने लक्ष्यका साथ यस किसिमका कार्यक्रमहरु निरन्तर संचालन हुने प्रहरी निरीक्षक चौलागाईले वताए ।

## पाईका...

दिदीको अवस्था एकदमै नाजुक थियो । यहाँ ल्याएर चिकित्सकलाई देखाएपछि शल्यक्रिया गरेर तीन हप्तासम्म उपचार गरेपछि दिदी ठिक हुनुभएको छ,' डिस्चार्ज भएपछि बैनी मुनाले भनिन्, 'अहिले दिदी राम्रोसँग हिडडुल गर्न सक्ने हुनुभयो । मज्जाले बोल्न सक्ने हुनुभएको छ ।' आर्या न्यूरो हस्पिटलमा दिदीले नयाँ जीवन पाएको मुनाले वताइन ।

## लागुऔषध...

पक्राउ परेका उनिहरुको ईलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भईरहेको छ

## कोशी...

समझदारी अनुसार तय हुने गरि विभिन्न विषयका विज्ञ र दक्ष प्राविधिक प्रशिक्षकउपलब्ध गराउन भारत सरकार समक्ष अनुरोध गर्ने । ४. कोरोना भाइरस प्रकोपको सतर्कताका लागि आवश्यक पहलकदमी चाल्नका लागि स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने निर्णय पारित गरी बैठक सम्पन्न भएको थियो ।

## नेपालमै...

आर्थिक बर्ष २०७३/०७४, २०७६/०७७ र २०७७/०७८ मा नोबेलले स्वास्थ्य तथा शिक्षा सेवा प्रदायक मध्ये नेपालमै सबैभन्दा बढी आयकर दाखिला गरेको छ । सो बापत आन्तरिक राजश्व विभागले नोबेललाई तीन बर्ष उत्कृष्ट करदाताको रुपमा सम्मानित गरिसकेको छ ।

२०६१ सालमा विराटनगरको कञ्चनवारीमा स्थापना भएको नोबेल मेडिकल कलेज गुणस्तरीय उपचार र स्तरीय चिकित्सा शिक्षाका क्षेत्रमा अब्बल मानिन्छ । पटक-पटक मूलुकको उत्कृष्ट करदाता बनेर नोबेलले राज्यलाई बढी योगदान गर्ने महत्वपूर्ण संस्थाको पहिचान पनि थपेको छ ।

# जीवन विकास लघुवित्त वित्तिय संस्थाले १४.२८ प्रतिशतलाभाश दिने घोषणा



विराटनगर । मोरंगको कटहरी गाउँपालिका वडा नं. २ स्थित रहेको जीवन विकास लघुवित्त वित्तिय संस्था लिमिटेडले आफ्नो मुनाफावाट १४ दशमलव २८५ प्रतिशत लाभांश (वोनस) दिन घोषणा गरका छन् ।

विहीवार सम्पन्न भएको चौथो सधारण सभाले लाभांश (वोनस) वापत १४ करोड ७७ लाख ५४ हजार २ सय वितरण गर्ने घोषण गरेका छन् ।

संस्थाले आफ्नो शेयर सदस्यहरुलाई ३७ प्रतिशत लाभांश दिने तयारी गरेतापनि राष्ट बैकले १५ प्रतिशत भन्दा वढी लाभांश दिन नपाउने निर्देशन गरेपछि सो निर्देशनको पालना गर्दै १४ दशमलव २८५ प्रतिशत वोनस दिने भएको छ ।

जीवन विकास लघुवित्तको चुक्ता पुँजी १ अर्ब ३ करोड ४२ लाख ८० हजार रहेको छ । वोनस पछि चुक्ता पुँजी १ अर्ब १८ करोड २० लाख २३ हजार २ सय पुग्ने वित्तिय प्रतिवेदनमा उल्लेख गरको छ ।

लघुवित्तको संस्थापक प्रमुख कार्यकारी अधिकृत एवं प्रतिनिधिसभा सदस्य योगेन्द्र मण्डलले चौथो सधारण सभाको समुद्घाटन गरका थिए । उनले आफ्नो सम्बोधनमा भने नेपाल राष्ट्रबैकले माफियाहरुलाई लाईसेन्स दिएका कारण अहिले लघुवित्तहरुमा समस्या देखिएको आरोप लगाउँदै लघुवित्तको पुँजी अरु बैक जस्तो होईन यसमा गरीब निमुखा जनताको पुँजी भएका वताए ।

जीवन विकास लघुवित्त वित्तिय संस्था लिमिटेडले कोशी, मधेश र बागमती प्रदेश गरी २४ जिल्लामा कार्य क्षेत्र विस्तार गरी कुल १५९ वटा संस्थामा मार्फत वित्तिय कारोवारी गरीदै आएको छ ।

सो सधारण सभामा सञ्चालक सदस्यहरु अशोक सिटौला, श्यामचन्द्र खतिवडा, इन्द्रनारायण देव, गोकर्ण खतिवडा, एनआईसी एशिया बैक उपप्रादेशिक कार्यालयका प्रमुख दिवाकर भट्टराई लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

उक्त सधारण सभा संचालक समिति अध्यक्ष विक्रमराज सुवेदीका अध्यक्षता मा सम्पन्न भएको थियो ।

NO SMOKING


## यौन हिंसाबाट बचौं र बचाऔं

- यौनजन्य हिंसा समाजिक अपराध हो ।
- यस्तो हिंसा छिमेकी, आफन्त र नातेदार बाट समेत हुनसक्छ ।
- अभिभावकले आफ्नो छोराछोरीको व्यवहार ख्याल गरौं ।
- उनीहरुको चालचलन र वानी व्यवहारमा अस्वभाविक परिवर्तन आएको हुनसक्छ ।
- त्यस्तो पाइए तत्काल उनीहरुसँग कुरा गरौं ।
- बालबालिकालाई कुनै समस्या भए मन मिल्ने साथी वा अभिभावकलाई बताऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

छोरा छोरीमा भेदभाव नगरौं र छोरा छोरी दुवैलाई अनिवार्य विद्यालय पठाऔं ।

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भिम घिमिरे (अध्यक्ष)
नेपाल परिसंघ कोशी प्रदेश परिवार

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसररमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुयस प्याकुरेल (अध्यक्ष)
उद्योग संगठन मोरंग परिवार

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन रिजाल (अध्यक्ष)
मोरंग व्यापार संघ, परिवार


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# सिरुवा पर्वले दिएको सन्देश

*हाम्रो देशमा प्रत्येक सालको बैशाख १ गतेलाई नयाँ वर्षको रुपमा भव्यताका साथ मनाउँनुका साथै त्यो दिन सार्वजनिक विदा समेत दिने गरेकोछ । सोही दिन कोशी प्रदेश, मधेश प्रदेश, लुम्बनी प्रदेश र सुदुरपश्चिम प्रदेशमा पर्ने तराई मधेशका जिल्लाहरुमा बसोवास गर्ने, मधेशी समुदायका उच्चवर्गका जाति, आदीवासी जनजाती, दलित र पिछडावर्गका जातजातिहरुले सिरुवा पर्व भव्यताका साथ मनाउने गरिन्छ । जसलाई जुडसितल पनि भनिन्छ । सिरुवा पर्व समुदाय र स्थान अनुसार फरकफर तरीकाले मनाउने गरेता पनि त्यसले दिन संन्देश भने एउटै हुन्छ ।*

*नयाँ वर्षको पर्वलाई वैशाखी पनि भनिन्छ । वैशाखी वैशाख संक्रान्तिको दिन मनाइन्छ । यो पर्व वैशाखमा मनाइने हुनाले यसलाई वैशाखी भनिएको हो । बासिपावनी, जूडशीतल, सिरुवापावनी पनि भनिन्छ । मध्यदेशीय संस्कृतिमा वैशाख संक्रान्तिसहित दुई दिन र कतै कतै तीन दिनसम्म सिरुवा पर्व मनाइन्छ । यो पर्व एकआपसमा पानी हालाहाल, हिलो छ्यापाछ्याप र रङ खेलेर मनाउने चलन छ । नव शहरीकरणको प्रभावले यस्तो चलन साँघुरिँदै गएको देखिन्छ । चना, मकै, जौ, भटमास भुटेर, पिंधेर तयार हुने पिठो नै सत्तु हुन्छ । सत्तुलाई चिनी, सख्खर वा नुनसँग पनि खाने गरिन्छ । घरका प्रत्येक सदस्यले कुनै कुरा खानुअघि सबैभन्दा पहिले सातु खाने गर्दछन् । सतुवाइन पर्वका दिन घरमुलीले सबैको हात हातमा सातु दिँदै शीतल र स्वस्थ रहनु भनेर आशीर्वाद दिन्छन् । सत्तुले शीतलता प्रदान गर्ने र व्यक्ति स्वस्थ रहन्छ भन्ने जनविश्वास रहको छ ।*

*सिरुवा पर्वमा आफ्नो गाउँसमाजमा वर्ष भरी भएको झै झगडाहरूलाई विर्सिएर सिरुवा पर्वमा एक अर्कोकोले घरमा बोलाई इष्टमित्रहरुलाई वोलाएर नयाँ नयां सागसब्जीहरुको तरकारी, तरुवा, भूटुवा बनाई खुवाउनाले अव आउने वर्षमा मिलिजुलि बस्ने प्रण समेत गर्दछ । आफूवाट भएका गल्तीलाई विर्सिएर ठूलावडासंग टाउँकोमा बासीपानी लिदै वर्षभरी ठण्डा रहने आर्शिवाद लिइन्छ । यसपर्वले हाम्रो जीवनमा ठूलो प्रभाव पर्दछ । त्यसैले सवै जना सिरुवा पर्व मिलिजुलि मनाएको अवसरमा नयाँ वर्षको हार्दिक मंगलमय शुभकामना सहित ठण्डा दिमागले देश विकासमा लाग्न सम्पूर्ण राजनीतिक दलका नेतागणहरुमा आग्रह गर्दछौ ।*

# नव वर्ष, सिरुवा र सलहेश

**अजयकुमार झा**

वैशाख १ गतेका दिन फुल्ने फूल । यो फूल 'सलहेश' नामबाट परिचित छ ।

समय धर्म, दर्शन र विज्ञानमा अध्ययनको एक महत्वपूर्ण विषयको रूपमा रहेको छ । समय प्राकृतिक र सामाजिक सबै क्षेत्रमा विना शर्त लागू हुन्छ । समयलाई व्यवहार, व्यापार, उद्यम, खेल, विज्ञान, कला आदि मानवीय व्यवहारहरूमा मापन गरिन्छ ।

कल्प, युग, सहस्राब्दी, शताब्दी, वर्ष, मास, दिवस, दिन, रात, प्रहर, घण्टा, घडी, पला, क्षण, निमेष समयका एकाइ हुन् । त्यस्तै ईस्वी संवत्, शक संवत्, नेपाल संवत्, हिजरीले पनि समयका एकाइहरू निर्धारण गरेको छ । हजार वर्षको सहस्राब्दी, सय वर्षको शताब्दी हुन्छ, एक वर्षमा बाह्र मास हुन्छ । समय गणनाको लागि वर्ष सर्वाधिक महत्वपूर्ण एकाइको रूपमा रहेको छ ।

पृथ्वीले सूर्यलाई एक पटक परिक्रमा पूरा गर्दा लाग्ने कुल समयलाई एक वर्ष भनिन्छ । पृथ्वीलाई सूर्यको परिक्रमा पूरा गर्न ३६५ दिन ६ घण्टा लाग्दछ ।

संसारभरि वर्ष दिनको समयलाई बुझाउन अनेक नाम प्रचलित छन् । हिन्दू पञ्चांगमा संवत् र संवत्सर भनिएको छ । पृथ्वीलाई आधार मानिएको वर्षलाई संवत् र बृहस्पति ग्रहलाई आधार मानिएको वर्षलाई संवत्सर भनिन्छ । विक्रम संवत् हिन्दू परम्परा र वैदिक समयाङ्कनमा आधारित सौर्य पात्रो हो । विक्रम संवत्को प्रारम्भ चन्द्र-तिथिको आधारमा चैत्रशुक्ल प्रतिपदाबाट र सौर्य मासको आधारमा वैशाख संक्रान्तिको दिनबाट हुन्छ ।

नयाँ वर्षको पहिलो दिन स्वाभाविक रूपमा पनि विशिष्ट ठहरिन्छ । यस दिन उत्सव र उल्लासका साथ नयाँ वर्ष मनाइन्छ । नयाँ वर्ष उत्सवको प्रचलन विभिन्न क्षेत्र र समुदायमा रहेको पाइन्छ । नेपाल मात्रले पनि आफ्नो देशमा अनेक तिथि-मितिमा अनेक नामले नयाँ वर्ष मनाउने गरेको छ । केही दशकयता राष्ट्रिय तथा सामुदायिक पात्रोहरूमा आधारित नयाँ वर्षहरूको पहिचान बढेको छ ।

लिच्छवि, मल्ल, सेनकालका शिलालेखहरूमा विक्रम संवत्को प्रयोग भएको देखिन्छ । रामशाहको बाइसे-चौबिसे, नेपाल निर्माता पृथ्वीनारायण शाहदेखि वर्तमान समयमा पनि विक्रम संवत् राष्ट्रिय संवत्को रूपमा प्रयोग भएको देखिन्छ । नेपाल-अंग्रेज युद्धका अधिकांश दस्तावेजमा विक्रम संवत् प्रयोग भएको छ । नेपालमा शक संवत् तथा नेपाल संवत्को प्रयोग पनि हुँदै आएको छ ।

शक संवत्, जसलाई शाके वा श्री शाके भनेर पनि उल्लेख भएको देखिन्छ, एक ऐतिहासिक संवत् हो । यसको सुरुवात ईस्वी संवत्को वर्ष ७८ तिर हुन जान्छ । भारतमा यसलाई शालिवाहन शक भनिन्थ्यो । यो संवत्को प्रयोग हिन्दु, बौद्ध र जैन धर्मका पुस्तकहरूमा देखिन्छ । नेपाल संवत् नेपालको मौलिक राष्ट्रिय संवत् हो । नेपाल संवत्का प्रवर्तक शंखधर साख्वाः हुन् । उनले नेपालका विपन्न जनताको ऋण तिरेर ऋणमुक्त बनाएको दिनको सम्झनामा यो संवत् थालिएको हो । भक्तपुरका राजा राघवदेवको आज्ञामा वि.सं. ९३६ मा प्रारम्भ भएको थियो । नेपाल संवत् र शक संवत्हरू अद्यावधि तिथिको आधारमा मात्र चलेका छन् ।

विक्रमादित्य नामक ऐतिहासिक राजाले विक्रम संवत् प्रारम्भ गरेका थिए । नेपाल सरकारको पुरातत्व विभागबाट प्रकाशित भाषा वंशावलीमा धर्मागत राजाको शासनकालमा राजा धर्मागत को नामले राजप्रासादको दक्षिणतर्फ चतुर्मुख नारायण स्थापित गरी जोडी धारा (हाल को नारायणहिटी) बनाई तीर्थ समेत चलाएको र त्यसैबेला देखि विक्रम संवत् प्रचलनमा आएको भन्ने उल्लेख छ ।

त्यस्तै काभ्रेपलाञ्चोक जिल्लाको नालामा उत्तरापुर राज्यको नाउँमा विक्रमादित्य राजाले राज्य गरेको ऐतिहासिक ठाउँमा मेला लाग्ने गरेको किंवदन्ती पनि छ । विक्रमादित्य राजाले राज्य गरेको ऐतिहासिक ठाउँमा साँखुको बज्रयोगिनी मन्दिर परिसरको केही माथि विक्रमादित्य राजाको टाउकाको पूजा युगौंदेखि बज्रा चार्य वंशका पुजारीले गरिआएका छन् । यस क्षेत्रमा विक्रमादित्य राजाको कुनै अस्तित्व नभएको भए यसरी विक्रमादित्यको मूर्तिको पूजाआजा गरेर बस्नुपर्ने कुनै कारण हुँदैनथ्यो । यिनै चक्रवर्ती राजाले नेपाललाई विस्तार गर्दै काशीसम्म पुगेका र काशीमा विश्वनाथको मन्दिर स्थापना गरेका थिए भन्ने कुरा स्कन्दपुराणको हिमवत्खण्ड मा उल्लेख छ ।

योगी नरहरिनाथले देवमाला वंशावलीमा कुनै चक्रवर्ती राजा विक्रमादित्यको बत्तीसपुतली राम मन्दिर भएको ठाउँमा राज सिंहासन थियो भन्ने उल्लेख छ । सूर्यवंशी लिच्छविको प्रभावले किराँत राजालाई जिती लिच्छवि वंश सुरु भएपछि लिच्छवि वंशका पहिला राजा धर्मपाल, भूमिवर्मा, विक्रमादित्य आदि नामबाट पुकारिने राजाको शासनकालदेखि नै विक्रम संवत् सुरु भएको मानिन्छ । विक्रम संवत् भारतको उज्जैनबाट चलनमा आएको भन्ने पनि छ ।

विक्रमादित्य विक्रमसेन भनेर चिनिन्छ । उनी भारतीय उपमहाद्वीपको परमारा वंशका सम्राट थिए । उनको साम्राज्यले भारतीय उपमहाद्वीपको ठूलो भाग ओगटेको थियो, पश्चिममा हालको साउदी अरबसम्म फैलिएको थियो । पूर्वमा यो वर्तमान चीनसम्म फैलिएको थियो, जसको राजधानी उज्जैन थियो । विक्रमादित्यले ईसापूर्व ५७ मा विक्रम संवत् सुरु गरेका थिए । शकहरूलाई परास्त गरेपछि राजा विक्रमादित्यले रोमन राजा जुलियस सिजरलाई पनि हराएका थिए ।

विक्रम संवत् शाके संवत्भन्दा १३५ वर्ष, नेपाल संवत्भन्दा ९३६ वर्ष र ईस्वी संवत्भन्दा ५७ वर्ष जेठो छ । विक्रम संवत् मेष संक्रान्तिलाई वैशाख १ गते मानी त्यसैको आधारमा महिनाहरूका दिनहरू निर्धारण गरिएका हुन् । मीन राशि समाप्त भई मेष राशि प्रारम्भ हुनासाथ वैशाख महिना सुरु हुन्छ ।

हरेक संवत्को पहिलो पर्व सिरुवा र अन्तिम फागु हुन्छ । सिरुवा अर्थात् संवत् सुरु हुँदाको पहिलो पर्व हो । 'फगुवा उसारे आ सिरुवा पसारे' भन्ने भनाइ छ । यसको अर्थ वार्षिक पर्वको प्रारम्भ सिरुवाबाट हुन्छ भने त्यसको अन्त्य फगुवा वा फागु पर्वबाट हुन्छ । सतुवाइन र जूडशीतल सिरुवा पर्वकै हिस्सा हो ।

हिन्दु नयाँ वर्षको पहिलो दिन जुन दिन परेको हो, पूरै वर्ष त्यही ग्रहको स्वामित्वमा रहेको मानिन्छ । हिन्दू नयाँ वर्षलाई पूजा-आराधनाको दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । चैत्र महिनाले हिन्दु नयाँ वर्ष र वसन्त ऋतुको एकसाथ स्वागत गर्दछ । नवरात्रि चैत्र महिना र हिन्दु नयाँ वर्षको पहिलो चाड हो, जसमा माता दुर्गाको नौ दिनसम्म भक्तिपूर्वक पूजा गरिन्छ । नयाँ वर्षको दिन, हरेक व्यक्ति, जहाँ भए पनि, उत्साहित, प्रफुल्ल र नयाँ ऊर्जाले भरिएको महसुस गर्दछ । यसलाई खुशीको पर्व पनि भनिन्छ ।

चैत्र शुक्ल प्रतिपदाकै दिन अर्थात् मेष राशिको पहिलो दिन ब्रह्माले सृष्टिको रचना प्रारम्भ गरेको विश्वास गरिन्छ । यसै दिन सम्राट विक्रमादित्यले विक्रम संवत्को उद्घोष गरेका थिए । भगवान श्रीरामको यसै दिन राज्याभिषेक र जन्म यसै पक्षको नवमीको दिन भएको थियो । यो शिख सम्प्रदायका दोस्रो गुरु श्रीअंगद देवको जन्मदिन हो । स्वामी दयानन्द सरस्वतीले यसै दिन आर्य समाजको स्थापना गरेका थिए । राजा विक्रमादित्यले जस्तै, शालिवाहनले पनि हुण र शकहरूलाई पराजित गरेर उत्कृष्ट राज्य स्थापना गर्न यो दिन रोजेका थिए । युधिष्ठिरको राज्याभिषेक पनि यही दिन भएको थियो । महर्षि गौतम जयन्ती यसै दिन पर्दछ ।

नयाँ वर्षको पर्वलाई वैशाखी पनि भनिन्छ । वैशाखी वैशाख संक्रान्तिको दिन मनाइन्छ । यो पर्व वैशाखमा मनाइने हुनाले यसलाई वैशाखी भनिएको हो । बासिपावनी, जूडशीतल,

बांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोर ञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिकककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION

## झापार र ईलामवाट ब्राउनसुगर सहित तीन पक्राउ

बिराटनगर । झापा र ईलामको छुट्टा छुट्टै दुई स्थानबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित तिन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विहीवार ईलामको चुलाचुली गाउँपालिका-३ पेल्टिमारी चौक स्थितमा प्रहरी चौकी पेल्टिमारी बाट खटिएको प्रहरी टोलीले स्थानीय २७ बर्षीय अमर राई र ३१ बर्षीय अर्जुन राईलाई शंकास्पत अवस्थामा फेला पारी चेकजाँज गर्दा उनिहरुको साथबाट ५४ मिलिग्राम ब्राउन सुगर र नगद १५ हजार ५ सय ४० रुपैया फेला पारी नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी झापाको मेचि नगर नगरपालिका-१३ धाईजन चौक स्थितमा प्रहरी चौकी चारआलिबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा स्थानीया २० बर्षीया अनुजा राजवंशिको साथबाट ९ ग्राम ब्राउन सुगर फेला पारी पक्राउ गरेका थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका तिनै जनाको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ ।

## जलविद्युत उत्पादनमा लगानी गर्न भारत तयार छ सहकार्य गरौं : सांसद शर्मा

विराटनगर । प्रतिनिधि सभा सदस्य डा.सुनिल शर्माले नेपालमा जलविद्युत उत्पादनका लागि लगानी गर्न भारत तयार रहेकाले सहकार्य गरेर विद्युत उत्पादन बढाउँन प्रस्ताव गरेका छन् ।

सोमबार प्रतिनिधि सभाको बैठकमा विशेष समय लिएर बोल्दै सांसद शर्माले जलविद्युत उत्पादन बढाएर नेपाललाई समृद्ध बनाउँन सकिने आधार भएकाले भारतीयहरुसँग सहकार्य गरेर भएपनि विद्युत उत्पादन बढाउँन सुझाव दिएका हुन् ।

केही दिन अघि भारत गएका सांसद शर्माले त्यहाँका विशिष्ट व्यक्तिहरुसँग भेट गरेका थिए । भेटको कुराकानी उल्लेख गर्दै सांसद शर्माले भारतका उद्योगी, व्यवसायीहरु नेपालमा जलविद्युत उत्पादनका लागि लगानी गर्न तयार रहेको बताए । जलस्रोतको धनी देश नेपालले जलविद्युत उत्पादन बढाएर विद्युतको ठूलो बजार भारत र बंगलादेशलाई बेची केही बर्षभित्रै समृद्ध बन्न सक्ने उनको तर्क छ ।

तर, अन्य देशसँग मिलेर विद्युत उत्पादन गर्ने र भारतले किन्नुपर्ने बिषय प्रति भारतीयहरु सन्तुष्ट नरहेको पाएको सांसद शर्माले सुनाए । 'उत्पादन तपाईहरुले विश्वका अरु कम्पनीहरुलाई दिने अनि उत्पादन पश्चात हामीले किनिदिनुपर्ने ? यो अलि वैज्ञानिक भएन भन्ने कुरा उहाँहरुको छ,' भारतीय उद्योगी व्यवसायी सँगको छलफलको कुरा सुनाउँदै सांसद शर्माले भने, 'प्रधानमन्त्रीको भारत भ्रमण अगावै यो बिषयमा एउटा राजनीतिक संयन्त्र तयार गरेर घनिघुत रुपमा छलफल गर्ने हो भने जलविद्युतको विकासका लागि भारतीय व्यवसायीहरु, बंगलादेशका व्यवसायीहरुसँग त्रिपक्षीय सम्झौता गर्न सम्भव छ ।'

प्रधानमन्त्रीको भारत भ्रमणको मितिलाई केही पछाडी धकेलेर भएपनि राजनीतिक संयन्त्र निर्माण गरी भ्रमणमा जादा जलविद्युतमा लगानीको वातावरण निर्माण गर्न प्रधानमन्त्री दाहाललाई सांसद शर्माले आग्रह गरे । हाइड्रोपावरको क्षेत्रमा लागेका नेपाली उद्योगी व्यापारी र लगानी गर्न तयार भारतीय उद्योगी व्यवसायीहरुको बिचमा समन्वयको वातावरण मिलाई चाडै ठूला-ठूला जलविद्युत आयोजनाहरु सञ्चालन गरी भारत र बंगलादेशमा बेचेर समृद्धिको यात्रा तय गर्न सरकारलाई उनको सुझाव छ ।

बर्खाको सिजनमा भारतसँग अधिकतम ४५२ मेगावाटको मात्र कारोवार भइरहेको भन्दै उनले सम्भव देखिएका २३ वटा प्रोजेक्ट मात्र सञ्चालन गर्न सक्ने हो भने पनि सन् २०३० सम्ममा ३० हजार मेगावाट विद्युत उत्पादन गरेर बेच्न सकिने उनको आकलन छ । यसो गर्न सकेमा नेपाल समृद्ध बन्ने उनको तर्क छ । अब, भारतलाई हेर्ने दृष्टीकोण पनि परिवर्तन गर्नुपर्ने भन्दै उनले भारतसँग धार्मिक र साँस्कृतिक कुटनीतिबाट नयाँ ढंगले सम्बन्ध अगाडी बनाउँन उपयुक्त हुने धारणा राखेका छन् ।

## निमित्त प्रहरी प्रमुखद्धारा जिल्ला प्रहरी कार्यालय मोरंगको निरक्षण भ्रमण

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरका निमित्त प्रदेश प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोलाले जिल्ला प्रहरी कार्यालय मोरङको निरीक्षण भ्रमण गरेको छ ।

निरीक्षण भ्रमणको क्रममा वहाँले कार्यालय तथा सम्पुर्ण शाखाहरुको निरीक्षण गर्नु भई जिल्ला प्रहरी कार्यालय तथा मातहत कार्यालयहरु समेतबाट उपस्थित प्रहरी अधिकृत तथा जवानहरुलाई आवश्यक निर्देशन दिएको छ ।

निर्देशनको क्रममा वहाँले दैनिक काम कारवाहीलाई चुस्त, दुरुस्त बनाई आ-आफनो जिम्मेवार एरिया ईलाकाहरुमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्न र खुल्ला सिमानाको कारण हुने बिभिन्न अपराधिक गतिविधि, लागुऔषधको प्रयोग र ओसार पसार, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न सिमा क्षेत्रहरुमा कडाईका साथ चेक जाँचको ब्यवस्था मिलाउनका साथै सवारी दुर्घटना न्युनिकरण, सवारी नियम उलंघन गर्ने सवारी साधनलाई कारवाही र सवारी साधनको प्रयोग गरी हुन सक्ने अपराधिक गतिविधि लाई नियन्त्रण गर्न कडाईका साथ चेकजाँचको ब्यवस्था मिलाउन आदेश दिएको थियो ।

प्रहरी ऐन तथा नियमावली मा भएका व्यवस्थालाई अक्षरस पालना गर्न तथा सामाजिक सञ्जालको सही सदुपयोग गरी प्रयोग गर्न र आम सेवाग्राहीहरु सँग समान व्यवहार गर्न तथा सदैव प्रहरी संठन र कार्यालयको गरिमा बढाउने कार्य गर्न कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन गरेका थिए ।

साथै जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक दिपक पोखरेलले मोरङ जिल्लाको समग्र बस्तुस्थितिका बारेमा निमित्त प्रहरी प्रमुख बास्तोलालाई अवगत गराउनु भएको थियो ।




हार्दिक अनुरोध

- सार्वजनिक स्थळमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसळ व्यवसाय संचाळन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थळमा फोहर नफाळौ । गाउँळाई सफा राखौ ।
- महिळा हिंसा अन्त्यका ळाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुळाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरक्षा अस्पताल प्रा.लि. परिवार
विराटनगर, विरेन्द्र सभागृह अगाडी

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

संतोष बस्नेत (निर्माण व्यवसायी)
स्वामी नारायण निर्माण सेवा प्रा.लि.

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सगरमाथा उच्च माध्यमिक
विद्यालय परिवार

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कोशी हेल्थ इन्सिटच्यूट
परिवार, विराटनगर

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## प्रहरीसँग विद्यार्थी कार्यक्रम

सुनसरी । समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तरगत ईलाका प्रहरी कार्यालय दुहवीले “प्रहरीसँग बिद्यार्थी“, कार्यक्रम संचालन गरेको छ ।

प्रहरी र बिद्यार्थीबिचको सामिप्यतालाई बढाई सुरक्षित समाज निर्माणको उदेश्य अनुसार ईलाका प्रहरी कार्यालय दुहवीका प्रहरी प्रमुख प्रहरी निरीक्षक बुद्धीराम चौलागाईको सक्रियतामा चैत्र २४ गते स्थानीय गोकुल किड्जी बिद्यालयका बिद्यार्थीहरु लाई प्रहरी कार्यालयका बिभिन्न शाखाहरुको अवलोकन गराई प्रहरीले गर्ने कार्यहरुको बारेमा समेत जानकारी दिनु भएको थियो ।

सोही कार्यक्रममा कार्यालयको परिसरमा फलफूल, धुपी, अमला लगायतको विरुवाहरु वृक्षारोपण गर्नुका साथै बिद्यालयको सहयोगमा हिरासतमा ‘मानव मस्तिष्क’ आकारको पुस्तक ऱ्याकसहितको पुस्तकालयको निर्माण गरी बिद्यार्थीबाट समुद्घाटन भएको थियो ।

बालबालिकाहरुसंगको सामिप्यताले बालबालिकाहरुमा प्रहरी प्रतिको सोचमा परिवर्तन भई सूचनाहरु संकलन हुने र हुन सक्ने अपराधीक

वांकी अन्तिम पेजमा...

## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, कोशी प्रदेश

# मेरो गाउँ, मेरो ठाउँले निकै गहिरो र व्यापक अर्थ राख्छ : केपी शर्मा ओली

विराटनगर । आफ्नो गाउँ, आफ्नो ठाउँ कसलाई पो मन नपर्ला ! त्यसमाथि यस्तो गाउँ आफैमा मनमोहक छ भने सुनमा सुगन्ध भइहाल्यो । उत्तिकै चित्ताकर्षक छ भने पर्यटक आगमनका लागि स्वागतको ढोका खोलिने भइहाल्यो । यसले आन्तरिक र बाह्य पर्यटनको क्षितिज उघार्ने अवसर पनि दिने नै भयो । रोजगारी सिर्जना र राष्ट्रिय अर्थतन्त्रमा टेवा पनि दिने यो भन्दा काइदाको कुरा के होला ? नयाँ दुलहीझैं घुम्टोभित्र रहेका नेपालका मनै लोभ्याउने गाउँ-ठाउँलाई सबैको पहुँचमा किन नपुर्याउने त ?

हो, यही पवित्र उदेश्य बोकेर वि विल राइज फाउण्डेसन कर्मपथमा लम्किएको छ । फाउण्डेसनले ‘मेरो गाउँ,मेरो ठाउँ’ लाई मुलमन्त्र बनाउदै आएको छ । सम्भवत यही भाव बुझेर हुनसक्छ, नेकपा एमाले अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले सञ्चालन गरिरहेको ‘मेरो गाउँ, मेरो ठाउँ’ भिडियो च्यालेन्जले धेरै गहिरो र व्यापक अर्थ राखेको बताएका छन् । उनले सम्पूर्ण देशवासीहरुलाई यस प्रतियोगितामा सहभागी हुन आह्वान समेत गरेका छन् ।

‘नेपाल प्राकृतिक, खनिज पदार्थ र स्रोतसाधनमा अत्यन्तै सम्पन्न छ । इतिहासको हिसाबले सभ्यता र संस्कृतिको सुरुवात भएको यो भूमि असाधारण छ ।’ हाम्रो देशको ऐतिहासिकता, प्राकृतिक सम्पन्नता र सुन्दरतालाई विश्वव्यापी रूपमा परिचित गराउनका लागि अब ढिलो गर्ने छुट नभएको आशय ओलीले प्रकट गरेका छन् । उनले उत्साही हुदैं भनेका छन्,‘आफ्नो गाउँ चिनाऊँ, आफ्नो पहिचान बनाऔं भनेर वि विल राइज फाउण्डेसनले जुन अभियान चलाएको छ, यसको धेरै गहिरो अर्थ र महत्व छ ।’

त्यस्तै, नेपाली कांग्रेसका उपसभापति तथा सांसद धनराज गुरुङले फाउण्डेसनले प्रतियोगिता आयोजना गरेको थाहा पाउँदा खुसी व्यक्त गरे, ‘वास्तवमा नेपाल भौगोलिक, धार्मिक तथा सांस्कृतिक रूपमा विविधता भएको देश हो, त्यसलाई हामीले पर्यटनसँग जोड्न सक्यौ र आफ्नो गाउँ ठाउँलाई चिनाउन सक्यौं भने यो एउटा मुलुकको समुन्नतिको जग हो भन्ने मलाई लाग्छ ।’ गुरुङले अभियानमा जोडिएर आफ्नो गाउँ, ठाउँ चिनाउन अनुरोध समेत गरे, ‘लुकेर रहेको आफ्नो गाउँ, ठाउँको पहिचानलाई बाहिर ल्याउन सक्यौ भने त्यसले पर्यटन क्षेत्रमा ठूलो योगदान पुर्याउने छ ।’

‘मैले विश्वास लिएको छु, यस अभियानले हरेकलाई आफ्नो ठाउँ चिनाउने एउटा अवसर,एउटा मञ्च पनि उपलब्ध गराएको छ । यसमा सहभागी हुन देशभरका सबै दिदीबहिनी तथा दाजुभाइहरूलाई हार्दिक आग्रह गर्न चाहन्छु । ‘मेरो गाउँ मेरो ठाउँ’ भन्ने यो नारा एउटा अवसर हो । यसलाई सबैले सदुपयोग गरौं,’ ओलीको आग्रह छ ।

त्यस्तै नेपाली कांग्रेसका नेता तथा सांसद प्रदिप पौडेल तथा पूर्व पर्यटन मन्त्री योगेश भट्टराईले पनि प्रतियोगितामा सहभागि हुन आग्रह गरेका छन् । ‘मेरो गाउँ, मेरो ठाउँ’ भिडियो च्यालेञ्ज प्रतियोगिताको प्रवर्द्धनात्मक अभियानमा समाजका लब्ध प्रतिस्थित व्यक्तित्वहरू कलाकार, साहित्यकार, सञ्चारकर्मी, राजनीतिज्ञ, खेलाडी, सामाजिक अभियन्ता, नाट्यकर्मी, विभिन्न संघसंस्थाका कर्मचारीलगायतको सहभागिता रहेको छ ।

पर्वतारोहण क्षेत्रका विश्वमै सर्वाधिक सगरमाथा आरोहण गर्न सफल कीर्तिमानी आरोही कामी रिता शेर्पा लगायत मिङ्मा डेभिड शेर्पा, मिङ्मा शेर्पा, पेम्बा दोर्जे शेर्पा तथा तथा गिनिज वर्ल्ड रेकर्डमा करिब दुई दर्जन कीर्तिमान बनाएका थानेश्वर गुरागाईं, हास्यव्यङ्ग्य क्षेत्रका हरिवंश आचार्य, मनोज गजुरेल, दीपकराज गिरी, दीपाश्री निरौला, केदार घिमिरे (माग्ने बुढा), सिताराम कट्टेल (धुर्मुस), निर्मल शर्मा, सन्दीप क्षेत्री, कलाकारिता क्षेत्रका राजेश हमाल, करिश्मा मानन्धर, भुवन केसी, गौरी मल्ल, विजय लामा, दिलीप रायमाझी, श्वेता खड्का, केकी अधिकारी, अनमोल केसी, निर्देशक दिनेश डिसी, गायन क्षेत्रका योगेश्वर अमात्य, कर्ण दास, सुनिता दुलाल, कोमल वली, मिस नेपाल माल्भिका सुब्बा, सुगारिका केसी तथा शृङ्खला खतिवडा, विश्व साइकिल यात्री पुष्कर शाह, खेलाडीहरू राजुकाजी शाक्य, सोमपाल कामी, विक्रम लामा, एञ्जिला सुब्बा, सावित्रा भण्डारी, सरस्वती चौधरी तथा दीपक विष्ट, नाट्यकर्मी सरिता गिरी, सञ्चारकर्मी दिलभुषण पाठक, नरेन्द्र श्रेष्ठ तथा ऋषि धमला, कवि नवराज पराजुली, रमेश प्रसाईंलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको सहभागिता रहेको छ ।

एउटै कार्यक्रमको प्रवर्द्धनमा समाजका विभिन्न क्षेत्रका व्यक्तित्वहरू यति ठूलो संख्यामा जोडिएको यो पहिलो प्रतियोगिता हो । यस किसिमको मौलिक प्रतियोगिताले नेपालको पर्यटन प्रवर्धनमा सघाउ पुरयाउँछ । आफ्नो गाउँ-ठाउँलाई नेपाल सहित विश्व भूगोलमा चिनाउन पाउँदा स्थानीयलाई अपनत्वको अनुभूती समेत गराउने छ ।

पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना भएर पनि ओझेलमा परेका महत्वपूर्ण प्राकृतिक ,सांस्कृतिक सम्पदा, भेषभुषा, जातजातिको पहिचान, खानपान, कला-संस्कृति लगायतका

वांकी ५ पेजमा...

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

देव किशन मुन्दडा
देवेनारा ग्रुप परिवार

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

टिका पुरी (प्रमुख)
ऐभरेष्ट सेकेन्डरी स्कुल परिवार

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजेन्द्र राउत
उद्योगी, व्यवसयी

## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पवन सारडा
उद्योगी, व्यवासयी

# जनताको हित हुने काम गर्न लाई कुनै आदेश पर्खिरहनु पर्दैन

सुनसरी । संगठन तथा जनताको हितमा हुने काम गर्नलाई कुनै आदेश पर्खिरहनु नपर्ने निमित्त कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी बरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोलाले वताएको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीको कार्यालय तथा सम्पुर्ण शाखाहरुको निरीक्षण गर्नु भई जिल्ला प्रहरी कार्यालय तथा मातहत कार्यालयहरु समेतबाट उपस्थित प्रहरी अधिकृत तथा जवानहरुलाई आवश्यक निर्देशन दिएका थिए ।

निर्देशनकै क्रममा दैनिक काम कारवाहीलाई चुस्त, दुरुस्त बनाई आ-आफनो जिम्मेवार एरिया ईलाकाहरुमा अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्न र खुल्ला सिमानाको कारण हुने बिभिन्न अपराधिक गतिविधि, लागुऔषधको प्रयोग र ओसार पसार, चोरी तस्करीका घटनाहरुलाई नियन्त्रण गर्न सिमा क्षेत्रहरुमा कडाईका साथ चेक जाँचको ब्यवस्था मिलाउन समेत निर्देशन दिएका थिए ।

साथै कुनै लोभ लालचमा नपरी निस्वार्थ भावनामा जनताको सेवा गर्न, सवारी दुर्घटना न्युनिकरण, सवारी नियम उलंघन गर्ने सवारी साधनलाई कारवाही र सवारी साधनको प्रयोग गरी हुन सक्ने अपराधिक गतिविधिलाई नियन्त्रण गर्न कडाईका साथ चेकजाँचको ब्यवस्था मिलाउन हुनका साथै प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरस पालना गर्न तथा सामाजिक सञ्जालको सही सदुपयोग गरी प्रयोग गर्न र आम सेवाग्राही हरुसँग समान व्यवहार गर्न तथा सदैव प्रहरी संगठन र कार्यालयको गरिमा बढाउने कार्य गर्न कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरुलाई निर्देशन निर्देशन दिएका थिए ।

निरिक्षण भ्रमणको क्रममा जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी उपरीक्षक प्रभुराम ढकालले सुनसरी जिल्लाको समग्र बस्तुस्थितिका बारेमा निमित्त प्रदेश प्रहरी प्रमुख बास्तोलालाई अवगत गराएका थिए ।

# ब्राउनसुगर सहित तीन पक्राउ

झापा । झापाको कनकाई नगरपालिका-२ जामुनखाडी सिमसार स्थितबाट प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित तिन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवारस्थानीय ४० बर्षीय भानु दाहालको घर कोठा भित्र लागुऔषध सेवन भईरहेको छ भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय सुरुङगबाट खटिएको प्रहरी टोलीले घर कोठा चेकजाँच गर्दा लुकाई राखेको अवस्थामा ५ ग्राम ३ सय मिलिग्राम ब्राउन सुगर, नगद ३४ हजार, ३ थान मोबाईल र मे.९ प. ९२९६ नम्बरको पल्सर मोटरसाईकल फेला पारे सगै दाहाल, ईलाम माई नगरपालिका-८ का ३९ बर्षीय आश बहादुर लिम्बु र ३२ बर्षीय उमेश राईलाई प्रहरीले पक्राउ गरेको थियो ।

वांकी अन्तिम पेजमा...


## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अरनिको अवाशीय सकेन्डरी स्कुल
परिवार, तीनटोलिया, विराटनगर



## हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८० सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विराट आँखा अस्पताल
परिवार रोडशेष चौक विराटनगर


# पछिल्लो...

सिरुवापावनी पनि भनिन्छ । मध्यदेशीय संस्कृतिमा वैशाख संक्रान्तिसहित दुई दिन र कतै कतै तीन दिनसम्म सिरुवा पर्व मनाइन्छ । यो पर्व एकआपसमा पानी हालाहाल, हिलो छ्यापाछ्याप र रङ खेलेर मनाउने चलन छ । नव शहरीकरणको प्रभावले यस्तो चलन साँघुरिँदै गएको देखिन्छ ।

हरेक संवत्को पहिलो पर्व सिरुवा र अन्तिम पर्व फागु हुन्छ । सिरुवा अर्थात् संवत सुरु हुँदाको पहिलो पर्व हो । 'फगुवा उसारे आ सिरुवा पसारे' भन्ने भनाइ छ । यसको अर्थ वार्षिक पर्वको प्रारम्भ सिरुवाबाट हुन्छ भने त्यसको अन्त्य फगुवा वा फागु पर्वबाट हुन्छ ।

सतुवाइन सिरुवा पर्वकै हिस्सा हो । मिथिलामा वैशाख १ गते सतुवाइन (सातु खाने) पर्व मनाइन्छ । मधेश प्रदेशको महोत्तरी, धनुषा, सर्लाही, बारा, पर्सा, रौतहट, सिरहा र सप्तरी तथा भारतको बिहार राज्यको दरभङ्गा, मधुवनी, सीतामढी, मुजफ्फरपुरलगायत मिथिला क्षेत्रका घरघरमा सतुवाइनको परम्परा छ । चना, मकै, जौ, भटमास भुटेर, पिंधेर तयार हुने पिठो नै सत्तु हुन्छ । सत्तुलाई चिनी, सख्खर वा नुनसँग पनि खाने गरिन्छ । घरका प्रत्येक सदस्यले कुनै कुरा खानुअघि सबैभन्दा पहिले सातु खाने गर्दछन् । सतुवाइन पर्वका दिन घरमुलीले सबैको हात हातमा सातु दिंदै शीतल र स्वस्थ रहनु भनेर आशीर्वाद दिन्छन् । सत्तुले शीतलता प्रदान गर्ने र व्यक्ति स्वस्थ रहन्छ ।

जूडशीतल सिरुवाकै पर्याय र पर्वको एक हिस्सा हो । यसलाई शीतलताको प्रतीक मानिन्छ । यस पर्वको पहिलो दिन बेलुका कुल देवताको अगाडि शीतल जल, पुष्प तथा प्रसाद चढाई भोलिपल्ट एकाबिहानै त्यो शीतल जल घरको ज्येष्ठ व्यक्ति तथा मान्यजनले आफूभन्दा सानोको टाउकोमा छर्केर आशीर्वाद दिने गर्छन् । ठूलाबडाले सानालाई प्रदान गर्ने आशीर्वाद थाप्न यस दिनमा घरका आफन्तका साथै नातेदार, टोलछिमेक, ईष्टमित्र, बालबालिकादेखि परिवारका सबै सदस्य प्रतीक्षारत रहन्छन् ।

सिरुवा पर्व थारू समुदायमा पनि उत्साहका साथ मनाइन्छ । यस पर्वलाई थारू समुदायले आफ्नो मौलिक पर्व मान्दछ । मिथिला संस्कृति वा हिन्दु धर्मावलम्बीमा पनि सिरुवाको स्थान मौलिक नै मानिन्छ ।

सलहेश 'शैलेश' शब्दको अपभ्रंश हो, जसको अर्थ पर्वतराज भन्ने हुन्छ । राजा सलहेशले आफ्नो राज्यको उत्तर दिशाबाट हुने तिब्बती आक्रमणलाई पटक-पटक परास्त गरेर आफ्नो नाम 'शैलेश' लाई सार्थक बनाएका थिए ।

राजवंशी, गनगाई, ताज पुरिया, माझीलगायतका जाति बीच पनि सिरुवा पर्वको विशिष्ट स्थान छ । नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक पर्व बिदाहरूमा सिरुवा पावनीको दिन- सो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिरहा र सप्तरी जिल्लाहरूमा सार्वजनिक बिदा दिने गरेको छ । भारतको आसाम, मेघालय, पश्चिम बंगाल र कोचबिहारमा पनि सिरुवा मनाइन्छ ।

सिरुवा पर्वमा सांस्कृतिक कार्यक्रमहरूसहित मेला पनि लगाइने गरिन्छ । यस दिन ठाउँठाउँमा धूमधामका साथ मेला लाग्दछ । परिवारका सदस्य, आफन्त, इष्टमित्र र छरछिमेकी मिली हुलमूलका जमात लिएर नयाँ नयाँ वस्त्र धारण गरेर मेला हेर्न जान्छन् । कतै कतै देवस्थलमा पशुबलिको प्रथा पनि रहेको देखिन्छ । यस्तै एक मेला लोकदेव सलहेशको नाममा पनि लाग्ने गरेको छ ।

लहान नगरपालिकाको मुख्य चोकदेखि तीन किलोमिटर पश्चिममा पर्ने सलहेश फूलबारीमा नयाँ वर्षको पहिलो दिन भव्य मेला लाग्दछ । वर्षमा एक दिन मात्र फुल्ने फूल फूलबारी मेलाको उत्कृष्ट आकर्षण हुन्छ । फूलबारीस्थित हारमको रूखमा वैशाख १ गतेको दिन सुनाखरी फुल्ने गरेको घटनालाई मानिसहरू अलौकिक घटना मान्दछन् ।

सलहेश आफ्नो समयका पराक्रमी व्यक्ति थिए । राजा सलहेशको जन्म पाँचौं वा छैटौं शताब्दीमा मिथिला राज्यको अज्ञात गाउँमा भएको थियो । इतिहासकार ब्रजकिशोर वर्मा 'मणिपद्म'का अनुसार सलहेश 'शैलेश' शब्दको अपभ्रंश हो, जसको अर्थ पर्वतराज भन्ने हुन्छ । राजा सलहेशले आफ्नो राज्यको उत्तर दिशाबाट हुने तिब्बती आक्रमणलाई पटक-पटक परास्त गरेर आफ्नो नाम 'शैलेश' लाई सार्थक बनाएका थिए । सलहेश बलशाली, वीर, साहसी र विलक्षण प्रतिभाका धनी थिए । उनको वीरता र ज्ञान देखेर मुंगेरका राजा भीमसेनले उनलाई अंगरक्षक नियुक्त गरेका थिए ।

एक जनश्रुतिका अनुसार मिथिलामा ऐतिहासिक राजा जनकपछि पाँचौं र छैटौं शताब्दीसम्म वज्जिसंघ, लिच्छवि, नन्द, सुनगा, कान्त, गुप्ता, वर्धन इत्यादि वंशको शासन रह्यो तर त्यस अवधिमा मिथिलामा कुनै विशेष उपलब्धि प्राप्त भएन । त्यसपछि शासनमा आएका राजा सलहेशले मिथिलाको राजधानी महिसोथालाई बनाए । त्यहाँ एक प्राचीन गढको भग्नावशेष अझै पनि देखिन्छ ।

दुसाध समुदाय लोकदेव सलहेशलाई आफ्नो कुलदेव मान्दछन् । अत्यन्तै दयालु उनी सबैप्रति सद्भाव राख्दथे । उनी सर्वहारा समुदायका लागि देवतुल्य थिए । लोकदेव सलहेशको लिखित इतिहासको अभावका कारण विभिन्न किसिमका आख्यान प्रचलित छन् । शताब्दीयौंदेखि प्रचलित लोकगीत र सलहेशको गीति नाचमा उल्लेख भएका विवरणहरूलाई धेरै हदसम्म विश्वसनीय मान्न सकिन्छ ।

राजा सलहेश शक्ति, शील र सौन्दर्य तीनवटै गुणले परिपूर्ण थिए । सलहेशको विवाह मधुवनीका बलाठकी छोरी सामैरसँग भएको थियो । पकडियागढका राजा कुलेश्वरकी छोरी चन्द्रवतीले सलहेशलाई प्रेम गर्थिन् । तर उनको प्रेम प्रस्तावलाई सलहेशले अस्वीकार गरे । चन्द्रवतीले आफ्नो प्रेम प्रस्ताव अस्वीकार गरेकोमा पिता राजा कुलेश्वरलाई भनेर सलहेशलाई कैद गरिन् । आफ्ना पति कैद परेको खबर पाएपछि सामैर सखी कुसुमा मालिनीको साथ लिई सलहेशलाई मुक्त गराइन् । कुसुमा मालिनीले पनि सलहेशलाई प्रेम गर्थिन् आफ्नै सखीका पतिलाई आफ्नो बनाउन पाइनन् ।

त्यही वियोगमा उनले प्रत्येक वर्ष सलहेशको प्रतीक्षामा वैशाखको पहिलो दिन हारमको रूखमा देखा पर्ने प्रण गरिन् । हारमको मालामा गाँसिए झैं फुल्छ । हारमको आडमा कुसुमा मालिनीको मन्दिर छ । नयाँ वर्षको दिन कुसुमा मालिनी फूलको माला उनेर सलहेशको प्रतीक्षामा रहने गरेको जनविश्वास छ । सलहेश फूलबारी त्यही प्रेम कथाको प्रतीकको रूपमा रहेको छ ।

अलौकिक फूल फुल्ने घटनाको साक्षी बन्न नेपाली मात्र होइन, हजारौं भारतीय पनि प्रत्येक वर्ष सलहेश फूलबारीका आगन्तुक हुन्छन् । फूलबारीमा प्रविष्ट हुनासाथै मानिसमा शान्ति र प्रेमको अनुभूति हुन्छ । आगन्तुकहरू आ-आफ्नो कामना राखी भाकल गर्ने गर्दछन् । यहाँ गरिने भाकल पूरा हुने विश्वास गरिन्छ । निःसन्तान स्त्री सलहेशको दर्शन गरी सन्तानको कामना गर्दछन् । भाकलबाट प्राप्त हुने सन्तानको मुण्डन संस्कार फूलबारीमै आएर गरिन्छ ।

सलहेश फूलबारी १२ बिघाको क्षेत्रमा फैलिएको छ । नामले फूलबारी भए पनि यो जंगलको रूपमा परिवर्तित भएको छ । सलहेश फूलबारीमा हारम, पाकैर, लावा, सोहरा वृक्ष र विभिन्न प्रकारका जडीबुटी पाइन्छन् ।

फूलबारीमा चारैतिर मूल फुटेर शीतल जल निरन्तर प्रवाहित भइरहेको हुन्छ । फूलबारीको शीतल जल पिएपछि जस्तोसुकै तनाव वा रिस शान्त भएर जान्छ । फूलबारी आसपासका गाउँ र शहरमा आयोजन हुने यज्ञादि, अनुष्ठानमा फूलबारीकै जल कलशमा भर्ने चलन छ । महामारी फैलिंदा सलहेश फूलबारीको पानी औषधि मानेर खाने गरिन्छ र रोगव्याधि पनि निको हुन्छ भनिन्छ ।

सलहेश फूलबारी पर्यटकीय पूर्वाधार विकासको दृष्टिले वर्षौं वर्ष उपेक्षित रह्यो तर स्थानीय स्वशासनको स्थापनापछि यस क्षेत्रको भाग्योदय हुन थालेको छ । सलहेश फूलबारीको मेला सकेर पर्यटकहरू सलहेशको इतिहाससँगै गाँसिएको पतारी पोखरी, पकडियागढ मेलाको आनन्द लिन जान्छन् । अनलाईन खवरवाट ।


